जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १३ • अंक १२८ • २०८२ फागुन १६ गते शनिवार • 28 Feb. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

## निर्वाचनका लागि आवश्यक मतपत्र सहितका सबै निर्वाचन सामग्री महोत्तरी आयो

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १५ फागुन**

प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आवश्यक मतपत्र सहितका सबै निर्वाचन सामग्री महोत्तरी जिल्ला आइपुगेको छ ।

मतदानका लागि आवश्यक मतपत्र, मतपेटिका, स्वस्तिक छाप, नउड्ने मसीको मार्कर, क्रमसङ्ख्या सहितका मतपेटिका, सुरक्षा सिल, रातो र कालो स्टिकर, रङ्गीन तथा सादा फोटोसहितको मतदाता नामावली लगायत ८१ प्रकारका सामग्री पठाइएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ। निर्वाचन आयोगबाट प्राप्त समानुपातिक तथा प्रत्यक्षतर्फका मतपत्र नेपाली सेनाको सुरक्षा स्कर्टिङमार्फत चारवटै निर्वाचन क्षेत्रमा सुरक्षित रूपमा वितरण गरिएको छ। परिकौलीस्थित गोरखनाथ गणका सेनानी रामप्रसाद लामिछानेका अनुसार क्षेत्र नं. १ (बर्दिबास), २ (बनौटा), ३ (जलेश्वर) र ४ ( रामगोपालपुर) मा रातिसम्म मतपत्र वितरण पूरा भइसकेको छ ।



जिल्ला निर्वाचन अधिकारी रञ्जिता झाले जानकारी दिँदै भन्नुभयो, "पहिले प्राप्त अन्य मतदान सामग्री पनि चारवटै निर्वाचन क्षेत्रमा पठाइसकिएको छ । सामग्री व्यवस्थापनको काम तीव्र गतिमा भइरहेको छ। निर्वाचनमा खटिने कर्मचारीको नियुक्ति र परिचालन कार्यसमेत जारी छ ।"

जिल्ला निर्वाचन कार्यालयका अनुसार महोत्तरीका चारवटै निर्वाचन क्षेत्रमा ५३९ मतदान अधिकृत, ५३९ सहायक मतदान अधिकृत, १ हजार ६०८ सहायक कर्मचारी र ५३९ कार्यालय सहयोगीसहित कुल ३ हजार ६०८ कर्मचारी परिचालन गरिएको छ । खटाइएका सबै मतदान अधिकृत तथा सहायक अधिकृतलाई निर्वाचन सम्बन्धी प्रशिक्षण पनि प्रदान गरिएको छ । प्रशिक्षणमा निर्वाचन निर्देशिका, नियुक्तिपत्र बुझेको समयदेखि मतपेटिका बुझाउने समयसम्मको जिम्मेवारी, मतदान केन्द्रमा प्रयोग हुने अनुसूची तथा प्रक्रिया लगायतका विषयमा विस्तृत जानकारी दिइएको थियो। सहभागीहरूलाई नमुना मतदानको अभ्याससमेत गराइएको जिल्ला निर्वाचन अधिकारी रञ्जिता झाले बताउनुभयो ।

निर्वाचन अधिकृतका कार्यालयका अनुसार प्राप्त मतपत्र सहितका सामग्री जिल्लाका २५८ मतदानस्थलमा कायम ३ अस्थायी केन्द्रसहित ५३९ मतदान केन्द्रमा पठाउने तयारी भइरहेको छ । जिल्लाको सबैभन्दा ठुलो भूभाग ओगटेको निर्वाचन क्षेत्र नं. १ अन्तर्गत ५९ मतदानस्थलमा रहेका १३० मतदान केन्द्रमा सामग्री वितरण अन्तिम चरणमा पुगेको निर्वाचन अधिकृत गगनदेव महतोले जानकारी दिनुभयो ।

उहाँका अनुसार प्रत्यक्ष र समानुपातिक दुवैतर्फका मतपत्र प्राप्त भइसकेकाले अब सामग्री प्याकिङ र ढुवानीमा प्राथमिकता दिइएको छ। निर्वाचन सामग्री समयमै आइपुगेसँगै महोत्तरीमा प्रतिनिधिसभा सदस्य निर्वाचनको तयारी अन्तिम चरणमा पुगेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ ।

## महोत्तरी जिल्लाभर विशेष सुरक्षा तथा व्यवस्थापन सम्बन्धी निर्णय सार्वजनिक

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १५ फागुन**

प्रतिनिधिसभा सदस्य निर्वाचनलाई व्यवस्थित, निष्पक्ष तथा भयरहित वातावरणमा सम्पन्न गराउन जिल्ला प्रशासन कार्यालय महोत्तरीले जिल्लाभर विशेष सुरक्षा तथा व्यवस्थापन सम्बन्धी निर्णय सार्वजनिक गरेको छ । प्रशासनले निर्वाचनलाई लक्षित गर्दै सवारी साधन सञ्चालनमा रोक, ड्रोन उडान निषेध तथा भारतसँग जोडिएका सम्पूर्ण सीमानाका अस्थायी रूपमा बन्द गर्ने निर्णय गरेको हो ।



प्रशासनका अनुसार फागुन २१ गते हुने निर्वाचनका लागि फागुन २० गते राति १२ बजेदेखि मतदान कार्य सम्पन्न नभएसम्म अत्यावश्यक सेवा बाहेक अन्य सवारी साधन सञ्चालनमा पूर्ण रूपमा रोक लगाइनेछ ।

एम्बुलेन्स, दमकल, दूरसञ्चार सेवा, पानी तथा दूधका ट्याङ्कर, शव वाहन, अस्पताल तथा विद्युत सेवाका सवारी साधन, कूटनीतिक नियोगका सवारी र अनुमति प्राप्त सवारी साधनलाई भने सञ्चालन गर्न दिइने जनाइएको छ। यसैगरी निर्वाचन अवधिमा सुरक्षा संवेदनशीलतालाई ध्यानमा राख्दै जिल्लाभर ड्रोन उडानमा प्रतिबन्ध लगाइएको छ ।

फागुन १८ गते राति १२ बजेदेखि मतदान सम्पन्न नभएसम्म कुनै पनि प्रकारका ड्रोन सञ्चालन गर्न नपाइने प्रशासनले स्पष्ट गरेको छ ।

## डा.लाभद्वारा लिखित मैथिली कथा-संग्रह 'स्मृति-दंश' को लोकार्पण

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १५ फागुन**

वरिष्ठ साहित्यकार तथा राजनीतिक विश्लेषक डा. सुरेन्द्र लाभद्वारा लिखित मैथिली कथा-संग्रह 'स्मृति-दंश' एक विशेष समारोहबीच जनकपुरधाममा लोकार्पण गरिएको छ ।



साहित्यिक माहोलमा सम्पन्न कार्यक्रममा करिब दुई दर्जन वरिष्ठ साहित्यकार, पत्रकार, प्राध्यापक तथा साहित्यप्रेमीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो । पुस्तक सार्वजनिकसँगै संग्रहमा समावेश कथामाथि विस्तृत विमर्श र कथा-वार्ता समेत आयोजना गरिएको थियो। लेखक डा. लाभकै अध्यक्षतामा सम्पन्न कार्यक्रममा वरिष्ठ साहित्यकार रेवतीरमण लाल, रामभरोष कापडि 'भ्रमर', डा. भोगेन्द्र झा, प्रो. परमेश्वर कापडि, श्यामसुन्दर शशि, हिमांशु चौधरी, वृजकुमार यादव, उमेश साह, नित्यानन्द मण्डल, सुजित झा, राजेश कर्ण, कैलास दास, पुरन गुप्ता, सुरेश यादव, पुनम झा मैथिलीलगायतकाले कृतिमाथि आ-आफ्ना धारणा राखेका थिए । वक्ताहरूले संग्रहको विषयवस्तु, शिल्प, भाषाशैली र विधागत प्रयोगबारे आलोचनात्मक तथा प्रशंसात्मक टिप्पणी गरेका थिए ।

एक सय २८ पृष्ठको 'स्मृति-दंश'मा कुल २६ वटा कथा समेटिएका छन्। पुस्तकलाई तीन खण्डमा विभाजन गरिएको छ । आठ परम्परागत कथा, आठ कथा-रिपोर्ताज र १० लघुकथा । यही संरचनाले कृतिलाई केवल कथा-संग्रहको सीमामा नराखी विधागत प्रयोगको महत्वपूर्ण दस्तावेजका रूपमा उभ्याएको समीक्षकहरूको भनाइ छ। कार्यक्रममा बोल्दै डा. भोगेन्द्र झाले मैथिली साहित्यमा कथा-रिपोर्ताज विधाको संगठित प्रयोगलाई ऐतिहासिक कदमका रूपमा व्याख्या गरे । उनका अनुसार मैथिली भाषामा कथा-रिपोर्ताजलाई यसरी व्यवस्थित रूपमा प्रस्तुत गर्ने कृति सम्भवतः पहिलो हो । यसले साहित्यिक अभिव्यक्तिलाई नयाँ आयाम दिएको छ । उनले यसलाई समकालीन मैथिली साहित्यका लागि सकारात्मक र उन्नत पहलका रूपमा चित्रित गरे । संग्रहका कथाहरू लेखकका व्यक्तिगत अनुभूति, समयसँगको मुठभेड र सामाजिक-राजनीतिक परिवेशबाट जन्मिएका छन् ।

## ज्ञान गंगाले विद्यार्थीहरुलाई निर्वाचन सम्बन्धी सचेतना दिदै मनाए होलि

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १५ फागुन**

ज्ञान गंगा ईन्टरनेशनल पब्लिक स्कुलले शुक्रबार आफ्ना विद्यार्थीहरुलाई निर्वाचन सम्बन्धी सचेतना दिदै एक कार्यक्रम वीच हिन्दुहरुको महान आस्था तथा हर्षोल्लासको महानपर्व होलि मनाएको छ।



जनकपुरधामको मुरली चौकको नयाँ भवनमा अवस्थित यस विद्यालयले आफ्ना विद्यार्थीहरुलाई मिथिला माध्यमिकी परिक्रमा,होलि,प्रतिनिधि सभा चुनाव तथा महिला दिवसको बारेमा सचेतना दिएका थिए भने होलि पर्व शान्तिपूर्ण तरिकाले मनाउन तथा प्रतिनिधि सभा चुनावमा विद्यार्थीहरुलाई अनावश्यक रुपमा सहभागी नहुन सुझाव दिएका थिए। यस विद्यालयको संस्थापक तथा

बांकी पृष्ठ ४ मा।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme

33 Years of Academic Excellence




## :- सम्बन्ध -:

*कलाको दृष्टिले हेरे दाग पनि कला बन्छ*
*विचलन समाप्ति होइन*
*केही धारणा नमिल्दैमा मिलनमा प्रश्न उठाउनु,*
*यो ठिक हैन*
*केही त बहाना होलान् नजिकिने*
*कहिले तिमी खोज कहिले म खोजुला*
*आत्मसम्मान र अहंकार बचाउन भावना मार्नु,*
*यो ठिक हैन*
*केही गल्ती तिमी स्वीकारिदेउ*
*केही गल्ती म स्वीकार्छु*
*निर्दोष बनाएर आफू,समयलाई दोष दिएर टाढिनु,*
*यो ठिकै हैन*
*न त प्रेम टुट्छ न त कसैलाई तोड्छ*
*हामी आफै टुट्छौं,हामी आफै तोड्छौं*
*अनि प्रेमलाई दोष दिनु,*
*यो ठिकै हैन*
*मर्यादामा सुन्दर देखिन्छ मान्छे तर*
*किनारा भेट्न नदी कहिलेकाहीँ बाँध फुटाउँछ*
*प्रेम मर्यादित होस् ,तर नियन्त्रण हुनु*
*यो ठिक हैन*

**-: आँचल कुसुम अधिकारी :-**

# जनमत पार्टीका अध्यक्ष डा. सिके राउतद्वारा आफ्नो चुनावी प्रतिबद्धतापत्र सार्वजनिक

**जलेश्वरटुडे समाचारदाता**
**सप्तरी, १५ फागुन**

जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले आफ्नो चुनावी प्रतिबद्धतापत्र सार्वजनिक गर्नुभएको छ । प्रतिबद्धतापत्रमा सप्तरीमा आईटी पार्क, कल सेन्टर, कोडिंग आर्मी, एसेम्बली लाइन, एआई, मधेश स्पेश सेन्टर जस्ता जनमत पार्टीले ल्याएको परियोजनाहरुलाई कार्यान्वयनमा ल्याएर हजारौं युवाहरुलाई रोजगारी दिने उल्लेख गर्नुभएको हो ।



सप्तरी निर्वाचन क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार डा.राउतले शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, पर्यावरण र वातावरण लगायतका विषयलाई प्रतिबद्धतापत्रमा समेटिनु भएको हो । विगतका अधुरा योजनाहरु पूरा गर्नुका साथै 'ग्राम उद्योग भवन' को निर्माण सम्पन्न गराएर ग्रामीण महिलाहरुलाई आफ्नै गाउँमा रोजगार प्रदान गर्ने, मधेश कृषि विश्वविद्यालयको निर्माण कार्य सम्पन्न गराउने, साक्षरता कार्यक्रम सञ्चालन गरी यस क्षेत्रलाई साक्षर बनाउने, क्षेत्रमा रहेका अस्पतालहरुको सेवा-प्रवाहलाई गुणस्तरीय बनाउने, सप्तरीलाई शिक्षा र स्वास्थ्यको हबको रुपमा विकास गर्ने योजनाहरु प्रतिबद्धता पत्रमार्फत अगाडि सारिएको छ ।

यस्तै कुनौलीमा ड्राइपोर्ट निर्माण गरी कुनौली-राजविराज-रुपनी औद्योगिक कोरिडोर बनाएर अगाडि बढ्दै कृषिलाई उद्योगसँग जोड्ने, गजेन्द्रनाराण सिंह औद्योगिक क्षेत्रमा लगानीकर्ता र उद्यमीलाई उद्योग खोल्न प्रोत्साहित गर्ने, कृषि विद्युतीकरणको योजनालाई कार्यान्वयन गर्दै खेत-खेतमा पानी पुग्ने गरी सिँचाइको समस्यालाई समाधान गर्ने, किसानको लखादमा सहज पहुँचका लागि पहल गर्ने, छिन्नमस्ता भगवती स्थलमा भौतिक पूर्वाधार निर्माण गरी पर्यटन अभिवृद्धि गर्ने, यस क्षेत्रमा रहेका खाँडो, जीता, मुतनी, घोडदह, भलुवाही आदि नदीबाट हुने भू-कटान तथा बाढीको नियन्त्रण गरिने प्रतिबद्धतापत्रमा भनिएको छ ।




# टिपरमा करेन्ट लाग्दा एक चालकको मृत्यु



**जलेश्वरटुडे समाचारदाता**
**सिरहा, १५ फागुन**

सिरहाको गोलबजार नगरपालिका-२ गुरुधामा टिपरमा करेन्ट लाग्दा एक चालकको मृत्यु भएको छ । शुक्रबार बिहान करिब ४० वर्षीय सन्तोष साहको घटनास्थल नजिकै उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार साहले चलाउँदै आएको टिपर सफा गर्ने क्रममा पछिल्लो भाग उठाएर टोलमा जम्मा भएको पानी बगाउन खोज्दा माथि रहेको ११ हजार भोल्टको विद्युत् तारमा टिपरको भाग ठोक्किएको थियो । सो क्रममा करेन्ट लागेर उनी गम्भीर घाइते भएका थिए ।

इलाका प्रहरी कार्यालय गोलबजारका प्रमुख इन्स्पेक्टर सुधन केसीका अनुसार हाइड्रोलिक मार्फत टिपरको पछाडिको भाग उठाउँदा विद्युत् तारमा छोइएपछि करेन्ट लागेको हो । करेन्ट लागेपछि गाडीको केही भागमा सामान्य आगलागीसमेत भएको प्रहरीले जनाएको छ । करेन्ट लागेपछि साह गाडीबाट झरेर अचेत अवस्थामा पुगेका थिए ।

## तपाईको टुडे

मेष: विचार गरेर बोल्नुहोला
वृष: पिछडेको साथी मिल्ने
मिथून: अनावश्यक चिन्ता
कर्कट: पढाईमा ध्यान दिनुपर्ने
सिंह: मित्रतामा फाटो आउने
कन्या: अशुभ समाचार प्राप्त हुने
तुला: अनावश्यक खर्चको संभावना
वृश्चिक: लामो यात्राको योग छ
धनु: खानपानमा समस्या आउने
मकर: शुभ कार्यको शुरुवात
कूम्भ: मनमा पछुतो आउने
मीन: आम्दानी हुने

## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०५:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०६:३० बजे |
| राति ढोका बन्द हुने समय | : १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०७:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| अन्न क्षेत्र | : नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०७:३० बजे |

# पाकिस्तानले अफगानस्तानविरुद्ध गर्यो 'खुला युद्ध' को घोषणा

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १५ फागुन**



पाकिस्तान र अफगानिस्तान बीच सीमा पारको द्वन्द्व शुक्रबार तीव्र बनेको छ । अफगानस्तानले काबुल, कन्दहार र उबअतय क्षेत्रमा हवाई हमला गरेपछि इस्लामाबादले काबुलविरुद्ध "खुला युद्ध" घोषणा गरेको जनाएको छ ।

पाकिस्तानी रक्षा मन्त्री ख्वाजा आसिफ ले सामाजिक सञ्जाल प्लेटफर्म एक्समा सार्वजनिक गरेको बयानमा अफगानिस्तानमाथि पलायनवादी कट्टरपन्थी समूह र आतंकवादीलाई संरक्षण गरेको आरोप लगाउँदै "हाम्रो धैर्य टुट्यो, अब खुला युद्ध छ" भनेका छन् । उनले भनेका छन,"नाटो फौजको वापसीपछि अफगानिस्तानमा शान्ति हुने अपेक्षा थियो । तर त्यहाँ विश्वभरका आतंकवादीहरू जम्मा भए, आतंक निर्यात हुन थाल्यो । महिला-मानवअधिकारबाट वञ्चित गरियो, अब हाम्रो धैर्यको प्याला ओवरफ्लो भयो । अब 'दमा दम मस्त कुलन्दर' हुनेछ । हामी तिमीहरूका छिमेकी हौँ, हामी तिम्रो भेडा-भित्ता जान्ने गर्छौं । अल्लाहु अकबर ।" यसैबीच, अफगानिस्तानका सरकारी प्रवक्ता ज़बिहुल्लाह मुजाहिद ले पाकिस्तानको हवाई हमलालाई "कायरतापूर्ण" कदम भनेका छन् । उनका अनुसार काबुल, कन्दहार र उबअतय का केही भागमा भएको हवाई हमलामा भाग्यमानी रूपमा कुनै मानवीय क्षति भएको रिपोर्ट छैन । यो तनाव अफगानिस्तान र पाकिस्तानबीच दुरन्द रेखा (ब्रिटिशकालिन सीमारेखा) लाई लिएर बढ्दो सुरक्षा चिन्ता र विवादबीच आएको हो ।

# फ्राइडे रिलिज : 'प्रवासी जीवन' लाई एकल प्रदर्शनको अवसर

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १५ फागुन**



फ्राइडे रिलिज अन्तर्गत आज शुक्रबारबाट फिल्म 'प्रवासी जीवन' प्रदर्शनमा आएको छ । निर्वाचनका कारण यो समय अन्य निर्माताले आफ्नो फिल्म प्रदर्शनमा चासो नदेखाएको कारण यो फिल्मले एकल प्रदर्शनको अवसर पाएको हो । यद्यपि, देशभरका हल यो फिल्मले मात्र पाएको छैन ।

किनभने अघिल्ला साताहरूमा प्रदर्शनमा आएका नेपालीसहित केही विदेशी फिल्मले पनि निरन्तरता पाइरहेका छन् । 'प्रवासी जीवन' अमेरिकामा बसोबास गर्दै आएका नेपालीहरूको सङ्घर्ष र सफलताको कथामा निर्माण भएको हो । फिल्मलाई श्याम क्षेत्री र राम अधिकारीले संयुक्त रूपमा मिलेर निर्देशन गरेका हुन् । राजेश हमालको मुख्य भूमिका रहेको फिल्ममा प्रवासीहरूको सुख दुःख, आरोह-अवरोह र चुनौतीहरूलाई मुख्य विषयवस्तु बनाइएको छ । फिल्ममा राजेशको अलवा सरिता लामिछाने, बुद्धि तामाङ, महादेव अधिकारी, एन्जेला बस्नेत, गगन सुवेदी, लोकेश भित्रिकोटी लगायतका कलाकारहरूको अभिनय छ । रविन आचार्यको लगानीमा तयार भएको यो फिल्ममा अमृत बिसुवाको छायाङ्कन, राम अधिकारीको सम्पादन, सुवास सेञ्चुरीको पार्श्व सङ्गीत, नवीन कार्कीको सङ्गीत छ ।

# प्रतिनिधि सभा निर्वाचन: ४३ संस्थाले पर्यवेक्षण गर्ने, १५ विदेशी पाहुना नेपाल आउँदै

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १५ फागुन**




आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनको ४३ वटा संस्थाले पर्यवेक्षण गर्ने भएका छन् ।

निर्वाचन आयोगले ३ वटा अन्तर्राष्ट्रिय र ४० वटा राष्ट्रिय गरी कुल ४३ संस्थालाई पर्यवेक्षणका लागि अनुमति दिएको हो । आयोगले ४० वटा राष्ट्रिय पर्यवेक्षण संस्थालाई आवश्यक प्रशिक्षण समेत दिइसकेको छ। आचारसंहिता अनुगमन तथा पर्यवेक्षण समितिका संयोजक एवं आयुक्त सगुन शमशेर जबराले तोकिएको आधार र प्रक्रिया पूरा गरेका संस्थाहरूले मात्र पर्यवेक्षणको जिम्मेवारी पाएको जानकारी दिए । निर्वाचनको गरिमा र निष्पक्षता बुझ्न आयोगको निमन्त्रणामा विभिन्न मुलुकका निर्वाचन आयुक्तहरू सहित १५ जना उच्चस्तरीय विदेशी पाहुनाहरू नेपाल आउने भएका छन् ।

यसका साथै विभिन्न कूटनीतिक नियोग र दूतावासका प्रतिनिधिहरूले पनि मतदानको दिन स्थलगत अवलोकन गर्नेछन् । विदेशी पाहुना, कूटनीतिक नियोगका प्रतिनिधि तथा दूतावासका अधिकारीहरूलाई मतदानको दिन अनुगमनमा सहजता प्रदान गर्न सरकारले विशेष व्यवस्था गरेको छ । यसका लागि परराष्ट्र मन्त्रालयबाट ५२ जना लियाजोन अधिकृतहरू (Liaison Officers) परिचालन गरिएको आयुक्त जबराले बताए ।

# सुनसान चलिरहेको राष्ट्रिय लिग फुटबल

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १५ फागुन**



यही बुधबार र बिहीबार त्रिपुरेश्वरस्थित दशरथ रंगशालमा राष्ट्रिय लिगको खेल बिहान १० बजे नै सुरु भयो । तर बिहानै खेल हुँदा दर्शक औंलामा गन्न सकिने खालको थियो ।

बुधबार लालिगुराँस एसोसिएसन र कांक्रेविहारबीचको खेलमा साधारण प्याफिटमा दर्शक नै थिएनन् । उक्त खेलमा लालिगुराँसले कांक्रेविहारलाई ४-१ ले हरायो । यस्तै बिहीबार विभागीय टोली नेपाल पुलिस क्लबले नव जनजागृति युवा क्लबलाई ७-० को फराकिलो अन्तरले हरायो । राष्ट्रिय लिगकै सबैभन्दा ठूलो जितको साक्षी हुने दर्शक खासै थिएनन् । यति ठुलो जितको पनि खासै चर्चा भने भएन । बिहीबारै राष्ट्रिय खेलकुद परिषद नेपाल परिसरमा भेटिएका एक कर्मचारी भन्दै थिए, 'बेलुका केही सेकेन्ड बत्ती जाँदा रंगशालमा फ्लडलाइट चलाएको रहेछ भन्ने थाहा हुन्छ ।' त्यसैले त्यहाँ फुटबल भएको रहेछ भन्ने थाहा हुने उनले बताए । अरु बेला फुटबल हुन्छ कि हुँदैन खासै थाहा हुँदैन । न दर्शकहरूले नै राष्ट्रिय लिगलाई पछ्याएका छन् । न टेलिभिजनमा प्रत्यक्ष प्रशारण हुन्छ, न कतै राम्रोसँग प्रचार प्रसार छ । नेपालको राष्ट्रिय टिमका लागि संयुक्त रुपमा सर्वाधिक १३ गोल गरेका अन्जन विष्टले बिहीबार राष्ट्रिय लिगमा एनआरटीका लागि लगातार दोस्रो खेल खेले । उनले दशरथ रंगशालमा प्लानिङ ब्वाइज विरुद्ध पहिलो रोजाइमा खेल्दै टिमको कप्तानी नै गरे ।



अनुरोधकर्ता
बलवा नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश



अनुरोधकर्ता
रामगोपालपुर नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

# चुनावी याम : बदलिँदो परिदृश्य र पटकथा

- देश अहिले चुनावी माहोलमा छ, जहाँ निर्वाचन सत्ता परिवर्तनको मात्र खेल नभई जनताको भरोसा, राज्यको क्षमता र देशको भविष्यको निर्णायक क्षण बनेको छ। चुनावी प्रचारमा संवाद र नाराहरू त धेरै छन्, तर अर्थ, जवाफदेहिता र जिम्मेवारी कमजोर हुँदै गएको छ, जसले नागरिकमा निराशा र थकान बढाएको छ। देशको कथा बदल्न अनुहार मात्र होइन, संरचना र प्रक्रिया नै सुधार्न आवश्यक छ, र यस पटकको चुनावले नेपालको भविष्यको दिशा तय गर्नेछ।

देश अहिले निर्वाचनमा होमिएको छ। तर, यो निर्वाचन सत्ता बदल्ने खेल मात्रै नभएर जनताको भरोसा, राज्यको क्षमता र देशको भविष्य कुन दिशातिर लैजाने भन्ने निर्णायक क्षण पनि हो। एक फिल्म निर्देशकको नजरमा नेपाल अहिले हलमा चलिरहेको कुनै फिल्मजस्तो देखिन्छ, जहाँ चुनावी प्रचार 'ट्रेलर' बनेको छ भने मतदाता 'जुरी'। तर, देशको कथा भने पुरानै दृश्यमा फर्किरहेको छ, एउटै सिन बारम्बार दोहोरिइरहेको छ। म चलचित्र निर्देशक हुँ, त्यसैले मेरो काम कथा तयार पार्ने र दृश्यमार्फत त्यसलाई दर्शकसम्म पुऱ्याउने हो। कथा भन्नासाथ धेरैलाई लाग्न सक्छ कथाकारको कल्पना, त्यसले सिर्जना गरेका पात्र, उनीहरूले बोल्ने संवाद अनि एउटा बिन्दुमा पुगेर त्यसको अन्त्य। तर, नेपाललाई नजिकबाट नियाल्दा कहिलेकाहीं लाग्छ, हाम्रो देश आफैंमा एउटा चलचित्र हो, जहाँ पटकथाभन्दा वास्तविकता तीव्र गतिमा चलिरहेको छ, संवादभन्दा मौनता भारी छ। त्यहाँ दृश्यहरू यति धेरै दोहोरिन्छन् कि हामी एउटै दृश्यलाई फरक फरक लोकेसनमा फरक फरक क्यामराले खिचिरहेका छौं। जे-जस्तो अवस्थामा भए पनि देश फेरि पनि चुनावतर्फ अघि बढिरहेकै छ। हामी यसलाई लोकतन्त्रको निर्विकल्प अध्यास, अझ भनौं चाडका रूपमा पनि लिन्छौं। तर, चुनाव केवल चाड मात्रै होइन, देशको नेसनल प्रिमियर पनि हो। प्रिमियरमा दर्शकले फिल्म हेर्छन्, मूल्यांकन गर्छन् अनि त्यसले भविष्यको दिशा तय गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ। चुनावमा पनि त्यही हुन्छ किनकि जनता दर्शक मात्रै नभई निर्णायक शक्ति हुन्। चुनावको प्रश्न कसले जित्छ, कसले हार्छ भन्ने मात्रै होइन। त्योभन्दा गहिरो प्रश्न हो- नेपालको कथाले अब कुन मोड लिन्छ ? र, त्यो कथालाई कसरी विश्वसनीय र सर्वमान्य बनाउने ?

प्रचारको ट्रेलर र जिम्मेवारीको मौनता: चुनावी मौसम सुरु भएपछि नेपालमा प्रचारप्रसारको गति निकै उचाइमा पुग्छ। आरोप-प्रत्यारोपको द्वन्द्व, नारा, गीत, झन्डा, भाषण सबै मिलेर एउटा लामो ट्रेलर बन्छ। अनि सामाजिक सञ्जाल ठूलो स्क्रिन बनेर चुनावी-फिल्म सुरु हुनुअघि नै हिट र फ्लपको निर्णायक बनिसकेको हुन्छ। तर, समस्या यहाँ मात्रै छैन- प्रचारमा संवाद धेरै छन् तर अर्थ कमजोर हुँदै गएको छ। शब्दहरू चर्का छन् तर जवाफदेहिता फितलो छ, आरोप प्रत्यारोप र द्वन्द्व प्रशस्तै छन् तर आवेगबाहेक उत्तरदायित्व छैन। स्टेजमा अनगिन्ती सपना बेचिन्छन् तर ती सपना वास्तविक जीवनमा अनुवाद हुँदैनन्, केवल सपना नै रहन्छन्। त्यसपछि नागरिकको मनमा एउटै प्रश्न बाँकी रहन्छ- यो संवाद हो कि केवल शब्दको प्रदर्शन ? र, यहींबाट हाम्रो राजनीति कमजोर बन्छ, नागरिकमा निराशा पलाउँछ र त्यसले आवेग उत्पन्न गराउँछ।

एउटा सुन्दर फिल्ममा ट्रेलरले कथा बोक्छ। तर, हाम्रो चुनावी फिल्ममा प्रचाररूपी ट्रेलरले कथा भन्दैन, त्यसलाई ढाक्छ र ढाकिएको कथा धेरै दिन टिक्दैन। फिल्म समाप्त हुनुपूर्व वास्तविकता उदांगो हुन्छ। नेपाली



चलचित्रमा कहिले बाहिरको शैलीले प्रेरणा दिन्छ, कहिले बजारको दबाबले कथा मोड्छ। त्यसैगरी हाम्रो चुनाव र राज्य संरचनामा पनि कहिलेकाही अदृश्य शक्तिको चासो र छायाँ पर्छ। कमजोर सेट, कमजोर भरोसा: निर्देशकले फिल्म बनाउनुअघि सेट बलियो बनाउँछन्। स्क्रिप्ट, टिम, लोकेसन, डिजाइन, प्रोप्स, लाइट, क्यामरा, साउन्ड, कलाकार, व्यवस्थापनलगायतमा विशेष गृहकार्य गर्छन्। त्यसैअनुसार कथा कसरी अघि बढाउने भन्ने तय गर्छन्। लोकतन्त्रमा 'सेट' भनेको राज्यका संरचना हुन्। जस्तो कि जनतालाई सेवा दिने प्रणाली, कानुन कार्यान्वयन गर्ने इकाइ, न्यायालय, प्रशासनिक प्रणाली, आर्थिक स्थिरता आदि।

तर, जब यिनै सम्पूर्ण संरचना कमजोर हुन्छन्, तब जति ठूलो भाषण गरे पनि, आश्वासनका जतिसुकै ठूला पुलिन्दा बाँडे पनि परिणाम फिक्का हुन्छ, देश पुरानै दृश्यमा स्थिर रहन्छ। त्यही कारण नीति बनेजस्तो देखिन्छ, तर लागू भएको अनुभूति हुँदैन। नियम लेखिएको देखिन्छ, तर न्याय पाउनुपर्नेले समयमा कहिल्यै पाउँदैन, कानुन छ तर कार्यान्वयन हुँदैन। दोष देखिन्छ तर दण्ड अनिश्चित छ। हाम्रो स्क्रिनप्ले कसको हातमा छ ? चुनावरूपी स्क्रिन रंगीन छ।

पात्रहरू अनेक छन्– सुपरस्टार नेता, नवनेता, उदाउँदो नेता, सम्भावना बोकेको नेता, उनीहरूको पछि लाग्ने अनगिन्ती कार्यकर्ता, पार्टी, विपक्ष, नागरिक समाज, पत्रकार आदि इत्यादि। पर्दापछाडि टेक्निकल टिमका रूपमा प्रशासन छ। तर, वास्तविक शक्ति अझै पनि नेटवर्क र पहुँचको राजनीतिमै सीमित छ।

**सांभार : कान्तिपुर।**

# ज्ञान गंगाले विद्यार्थीहरुलाई निर्वाचन सम्बन्धी..............................

प्रधानाध्यापक प्रा.पवन कुमार साह,संयोजक खुश्बु झा,वरिष्ठ शिक्षक सरोज झा,विवेकानन्द झा,समाजसेवी चन्द्रशेखर प्रसाद जेसबाल तथा उपस्थित गुरुवर्गले विद्यार्थीहरुलाई अबिर लगाई दिर्घायु तथा सुख–शान्तिको लागि आशिर्वाद दिएका थिए । विद्यार्थीहरुले पनि आफ्ना गुरुवर्ग तथा उपस्थित अतिथिहरुलाई दुबै हात जोडी अभिबादन गरेका थिए ।


## चिसोबाट बच्न अपनाउनुपर्ने सावधानीहरु

चिसोको कारणले रुघाखोकी, कडा फलु, हिउँले खाने, साना बालबालिकाहरुमा, कोल्ड झाडापखाला, निमोनिया र बयस्क व्यक्तीहरुमा दम जस्ता समस्या, हृदयघात तथा मुटुको समस्या बढने, कार्वन मोनोक्साईडको मात्रा शरिरमा बढने जोर्नीको दुखाई, दिर्घ रोगीहरुमा स्वास्थ्य समस्या देखा पर्ने जस्ता रोगहरु हुन सक्छ ।

- ✓ पानि उमालेर पिउने, जार र प्याकिङ्ग पानी समेत उमालेर पिउने ।
- ✓ शरिरलाई न्यानो बनाएर राखका लागी तातो झोलिलो खानाहरु आवश्यक मात्रामा सेवन गर्नुपर्दछ.
- ✓ बाहिर निस्कदा मास्क लगाएर हिडने ।
- ✓ तातो बाक्लो कपडाहरु लगाएर हिडनु पर्दछ ।
- ✓ चिसोमा बाहिर हिडदा बाक्लो कपडा लगाउनु पर्दछ ।
- ✓ तातो दुध तथा दुधजन्य पदार्थ, तातो पानि, चिया, दाल, तरकारी प्रशस्त मात्रामा पिउनुपर्दछ ।
- ✓ सवारी साधन चलाउँदा हावा नछिर्ने बाक्लो स्विटर वा ज्याकेट लगाउनु पर्दछ
- ✓ जाडो लागेको बेला घाममा बस्ने तोरी, जैतुन, तिलको तेलले शरिर मालिस गर्न सकिन्छ
- ✓ तातो पानीमा कागती, अदुवा र मह मिसाएर खान सकिन्छ ।
- ✓ विशेष गरि विहानको समयमा जाडो हुने भएकोले सो समयमा बाहिर ननिस्कने गर्दा चिसो बाट बच्न सकिन्छ ।
- ✓ बालबालिका तथा वृद्धहरुलाई जाडोको कारण छिटो असर देखा पर्ने हुनाले बिरामी भएमा तत्कालै औषधी नियमित खाने, जाडोबाट बच्न बाक्लो कपडाहरु लगाउने, तातो झोल चिजहरु प्रशस्त खुवाउने, जाडो हुने समयमा घरबाट बाहिन ननिस्कने ।
- ✓ आगो तथा हिटरहरु सावधानी पुर्बक ताप्ने, बस्ने कोठा वा घर तातो बनाउने ।

अनुरोधकर्ता
लोहारपट्टी नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश


## लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०८२।०७।२३ मा प्रा.लि.नं.३७७९१६/०८२/०८३ मा दर्ता भएको **एस.एस.नेपाल ट्राभल एण्ड टुर्स प्रा.लि.** को मिति २०८२।११।१० मा सम्पन्न विशेष साधारण सभाको विशेष निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजि लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्वीडेटरको कार्यालयहरुमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटर : अर्जुन कोइराला (ईजाजत पत्र नं.१७१)**
**फोन नं.: ९८४११४१६१७**


"पत्र-पत्रिकाहरुको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"





सम्पर्क –: दिलीप कुमार साह :–
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला






अनुरोधकर्ता
भंगहा नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday